## आर्थिक वर्ष २०६३।६४ को वित्तिय विवरणसंग सम्वन्धित लेखा नीति तथा टिप्पणीहरु :

१.ह्रासकट्टि
क) स्थायी सम्पतिको मूल्य ऐतिहासिक लागतको आधारमा तयार पारीएको छ ।
ख) आयकर ऐन २०५८ मा व्यवस्था भए अनुसार घट्दो ह्रास प्रणाली अनुसार ह्रास खर्चको लेखाङ्कन गरीएको छ ।

२.लेखा राख्ने पद्धति प्रोदभावी आधार (Accrual basis) मा रहेको छ भने पुर्नविमासंग सम्वन्धित आम्दानी उपलव्ध भएसम्मका विवरणहरु समावेश गरी लेखाङ्कन गरीएको छ ।

३.साधारण जगेडा कोष
यस आर्थिक वर्ष २०६३।६४ मा कम्पनी नोक्सानीमा रहेकाले विमा नियमावली २०४९ को नियम १५(ग) वमोजिम खुद नाफाको ५० प्रतिशतले हुने रकम साधारण जगेडा कोषमा सारीएको छैन।

४.असमाप्त जोखिम जगेडा
बीमा ऐन तथा नियमावली अनुरुप कम्पनिले अग्नि, सामुद्रिक, मोटर, इन्जिनियरीङ्ग तथा विविध बीमा तर्फ खुद प्रिमियम आम्दानीको ५० प्रतिशत रकम असमाप्त जोखिम वापत जगेडा राखी अर्को वर्ष ( सामुद्रिक बीमाको असमाप्त जोखिम जगेडा बाहेक) सोहि रकम आम्दानीको रुपमा देखाउने गरीएको छ ।

५.दावी वापत अनुमानित दायित्व व्यवस्था
बीमा नियमावलीको दफा १५(घ) अनुसार सूचित गरिएको दावी बीमा वापत १५ प्रतिशत थप गरी व्यवस्था गरिएको छ ।

६.लगानी सम्वन्धि नीति
(क) नेपाल सरकारको वचतपत्रमा गरिएको लगानीलाइ अङ्कित मूल्य (Face value) मा देखाइएको छ ।
(ख) बैंक वा वित्तिय संस्थाको मुद्दति निक्षेपमा गरिएको लगानीलाई साँवा रकममा देखाइएको छ ।
(ग) पब्लिक लिमिटेड कम्पनीको शेयरमा गरिएको लगानीलाई परल मूल्य वा बजार मूल्य मध्ये जुन घटि छ सोहि मूल्यमा देखाइएको छ ।

७.गत वर्ष विभिन्न शेयर लगानीको परल मूल्य भन्दा वजार मूल्य कम भइ गरीएको व्यवस्था रकम रु. १,०३,६७,४९४।०० यस वर्षमा व्यवस्था गरीरहनुनपर्ने भएकाले आम्दानी वाँधिएको छ ।

८.व्यवस्थापन खर्च
बीमा नियमावलीको दफा १६ बमोजिम बीमा शूल्कको कुल रकम मध्ये २५ प्रतिशत सामुद्रिक बीमामा र अन्यमा ३० प्रतिशत व्यवस्थापन खर्च गर्न सक्ने प्रावधान अनुरुप कुल बीमा शूल्क आम्दानीको समानुपातिक व्यवस्थापन खर्च वाँडफाँड गरीएको छ । उक्त खर्च कुल बीमा शूल्कको ३३.९३ प्रतिशत हुन आउछ । विगतका वर्षहरुको तुलनामा बीमा शुल्क आम्दानीमा ह्रास आइ, व्यवस्थापन खर्च भने

घट्न नसकेको कारणले गर्दा व्यवस्थापन खर्च बीमा नियमावलीको दफा १६ को परिधीभन्दा बाहिर गएको छ ।

९.सेवा शूल्क

बीमा ऐन, २०४९ को दफा ४०(२)१ मा व्यवस्था गरेअनुरुप बीमा व्यवसायवाट आम्दानी गरेको खुद बीमा शूल्कको १ प्रतिशतको दरले हुन आउने रकम बीमा समितिलाई तिर्नुपर्ने रकम सेवा शूल्क अन्तर्गत खर्च लेखिएको छ ।

१०.वासलातमा उल्लेखित विविध आसामी बीमा ऐन अनुसार सामन्जस्य छैन ।

११.कम्पनी आ.व. २०६३।६४ मा खुद नोक्सानमा रहेकोले आयकर व्यवस्था गरीएको छैन ।

१२. कम्पनीको आ.व. २०६१।६२ सम्मको आयविवरण दाखिला भै अन्तिम कर निर्धारणसमेत भैसकेको छ ।

१३.कम्पनीको लगानी बीमा समितिवाट जारी लगानी सम्वन्धी निर्देशनहरुको परिधीभन्दा बाहिर गएको छ । सो लाइ तल प्रस्तुत गरीएको छ ।

(क)

| क. सं. | विवरण | लगानी रकम (रु.) | प्रतिशत | बीमा समितिको लगानी सम्बन्धी निर्देशनअनुसार हुनुपर्ने । |
|---|---|---|---|---|
| १ | सरकारी वचत पत्र | ४,५२५,०००.०० | ४.६४ | कुल लगानीको कम्तिमा १५ % |
| २ | वाणिज्य बैंकहरुको मुद्दति निक्षेप | ३,२५,००,०००.०० | ३३.३३ | कुल लगानीको कम्तिमा ३५ % |
| ३ | विकाश बैंकहरुको मुद्दति निक्षेप | ४,१५०,०००.०० | ४.२६ | कुल लगानीको बढिमा ३५ % |
| ४ | पब्लिक लि. कम्पनीहरुको साधारण शेयर | ५१,३८४,९०२.५७ | ५२.७० | कुल लगानीको बढिमा १० % |
| ५ | वित्तिय संस्थाहरुको मुद्दति निक्षेप | ४,९४९,५७५.०० | ५.०८ | कुल लगानीको बढिमा १० % |
| | जम्मा | ९७,५०९,४७७.५७ | १००.०० | |

(ख) न्यूनतमा ११ प्रतिशतभन्दा घटि पूँजीकोष रहेको बैंक तथा वित्तिय संस्थाहरुमा गरीएको लगानीको विवरण यस प्रकार रहेको छ ।

| क.सं. | विवरण | लगानीको प्रकार | लगानी रकम (रु.) |
|---|---|---|---|
| १ | नेपाल श्रीलङ्का मर्चेन्ट बैंक लि. | मुद्दती निक्षेप | २,०००,०००.०० |
| २ | लुम्विनी बैंक लि. | मुद्दती निक्षेप | ५००,०००.०० |
| ३ | नेपाल बङ्गलादेश बैंक लि. | साधारण शेयर | ९,७८०,४७४.०० |

हाल कम्पनीको लगानीलाइ बीमा समितिको लगानी सम्बन्धी निर्देशनहरुको परिधीभित्र लेराउनका लागि पब्लिक लिमिटेड कम्पनीको शेयरहरु विकी गरी सरकारी बचतपत्र एवं वाणिज्य बैंकहरुको मुद्दती निक्षेपमा लगानी गर्नको लागि प्रयास भैरहेको छ ।

१४.वासलातको लगानी शिर्षकमा प्रस्तुत गरीएको नेशनल हाइड्रोपावर कम्पनी लि. को ३,२५,००० कित्ता शेयरमध्य ५०,००० कित्ता शेयर स्वामित्वको प्रमाणपत्र वासलातको मितिमा भएको, २,७५,००० कित्ता शेयर BT गरी खरीद गरेकोमा सो मध्य १,२५,००० कित्ता शेयर BT वाट नै विकी गरी वाँकी १,५०,००० कित्ता शेयर स्वामित्वको प्रमाणपत्र मिति २०६५।०२।२२ गते प्राप्त भएको थियो । हाल नेशनल हाइड्रोपावर कम्पनी लि.कोृ सम्पूर्ण शेयर विकी भै विकीवापतको रकम कम्पनीको वैंक खातामा जम्मा भैसकेको छ ।

१५.आ.व. ०६१/६२ को इन्जिनियरीङ्ग बीमा ब्यवसायको पूनर्बीमा शुल्क इन्जिनियरीङ्ग बीमा व्यवसायको आय व्यय हिसाबमा छुट भएकोले सो पूनर्बीमा शुल्कलाइ आ.व. ०६२/६३ को आय व्यय हिसावमा देखाउनपर्ने भएको हुँदा कूल बीमा शुल्क आम्दानी नकारात्मक भै गल्तिले ०६२/६३ मा असमाप्त जोखिम वापत जगेडा समेत ऋणात्मक जनाइएकोले आ.व. २०६३/६४ को इन्जिनियरीङ्ग बीमा व्यवसायको आय व्यय हिसावमा सोहि बमोजिम जनाइएको छ ।

१६.विविध आसामीमा देखाइएको विगत आर्थिक वर्षहरुदेखि उठाउन वाँकी रहेको विमाशुल्क रकम रु. ३,२५,२३,८२२।०० मध्ये रु.५६,६४,६३८।०० आ.व. २०६४।६५ मा असुल भैसकेको हुँदा सो कटाइ वाँकी रकमलाइ यस आर्थिक वर्षमा शंकाष्पद मानी व्यवस्था गरीएको छ ।

१७.नेपाल वंगलादेश वैंकमा ज्येथा खरीद गर्नको लागि धरौटि राखिएको रकम रु. १४,४०,०००।०० जफत भएकाले सो लाइ यस आ.व.मा कितावी अपलेखन गरीएको छ ।

१८.पूनर्बीमकबाट पाउनुपर्ने रकममध्य रु. १,६६,५५,०००.०० को सहमति पत्र प्राप्त नभैसकेकोले सो रकम व्यवस्था गरीएको छ ।

१९.गत वर्षको अङ्कहरुलाइ आवश्यकता अनुसार पुन वर्गिकरण एवं पैसालाइ नजिक रुपैयाँमा देखाइएको छ।